स्वामीकार्तिक खापर गाउँपालिका

Swamikartik Khapar Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

सुइजीउला वाई, बाजुरा

Suijeula Wai, Bajura

सुदूरपश्चिम प्रदेश, नेपाल

Sudurpaschim Province, Nep

प.सं.०८१।०८२ च.नं. ४६८ मितिः- २०८१।१०/०४

ने.स.११४५ पोहेलागा ४ शुक्रबार

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

बाजुरा जिल्ला स्वामीकार्तिक खापर गाउँपालिका अन्तर्गत रहेको श्री **शम्भु सुनन्दा माध्यमिक विद्यालय** जुकोटमा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी अंग्रेजी विषय शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाई दिन भनी विद्यालयको च.नं. १०५ मिति २०८१/१०/०३ गतेको पत्रबाट अनुरोध भई आएकोले, सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

अमर बहादुर रोकाया

नि. प्रमुख प्रशासकीय अधिकृत

अमर बहादुर रोकाया

नि. प्रमुख प्रशासकीय अधिकृत

पुनश्च :

१. तोकिएको म्याद भित्र विद्यालयको ईमेल ठेगाना shambhusunandaedu.jukot@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

बोधार्थ :

श्री शिक्षा विकास तथा समन्वय इकाई मार्तडी, बाजुरा:- तहाँ कार्यालयको वेबसाईटमा प्रकाशन र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने व्यवस्था गरिदिन हुन ।

श्री संचार तथा सूचना प्रविधि शाखा :- गा.पा. कार्यालयको वेबसाईट, सूचना पाटी तथा फेसबुक पेजमा सार्वजनिक गरिदिन हुन ।

श्री शम्भु सुनन्दा मा. वि. स्वामीकार्तिक खापर गाउँपालिका ३ जुकोटः- तहाँ विद्यालयमा सूचना प्रकाशन गर्न हुन ।

"व्यावसायिक सिर्जनशिल प्रशासन : विकास, समृद्धि र सुशासन"